फागुन,२०७४

# बृहत्तर यौनिकता शिक्षासम्बन्धी कष्टमाइज तालिम पाठ्यक्रम

## माध्यमिक तह
## (कक्षा ९ र १०)

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

**विषयसूची**


| क्र. स. | विषयबस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | १ |
| ३ | तालिमको विषयवस्तु | २ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | ३ |
| ५ | तालिम मूल्याङ्कन | ४ |
| ६ | कार्ययोजना र प्रतिबद्धता | ४ |

## १. परिचय

शिक्षक पेशागत विकास एक निरन्तर प्रक्रिया हो । गतिशिल समय अनुरुप शिक्षण सिकाइमा आइरहेका शिक्षण विधि, नवीनतम प्रविधि, उपागम एवम् तरिकाहरु अनुरुप शिक्षण गर्ने दायित्व शिक्षकको हो । त्यसका लागि शिक्षकको निरन्तर पेशागत विकास आवश्यक हुन्छ । यसै तथ्यलाई मध्यनजर गरी शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार पारिएको शिक्षकको पेसागत विकासको प्रारुप, २०७२ ले शिक्षकको पेसागत विकास कार्यक्रमका लागि शिक्षक तालिम अर्न्तगत प्रमाणीकरण, पुर्नताजगी र स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिमको व्यवस्था गरेको छ ।

यौनिकता र सम्बन्धहरुका बारेमा उमेर अनुसारको, वैज्ञानिक रूपमा सहि, प्रमाणहरूमा आधारित, मानवअधिकारमा आधारित र लैङ्गिक सम्बेदनशिल जानकारीहरु सामाजिक तथा साँस्कृतिक रूपमा सान्दर्भिक विधिबाट दिइने शिक्षा बृहत्तर यौनिकता शिक्षा हो । यस शिक्षाले व्यक्तिलाई यौनिकताका विभिन्न पक्षहरूमा आफ्ना मूल्य मान्यताहरू पत्ता लगाएर निर्णय गर्ने, सञ्चार गर्ने र जोखिम घटाउने सिपहरू विकास गर्ने अवसरहरु प्रदान गर्दछ । यौनिकता शिक्षाले यौनिक स्वास्थ्यको बारेमा जानकारी प्राप्त गर्न, प्रचलित सामाजिक साँस्कृतिक मूल्य मान्यताहरूसँग सान्दर्भिक सिपको विकास गर्न र सकारात्मक धारणा अर्थात अभिवृत्ति, मूल्य र मान्यताहरूको विकास गर्न सहयोग पुऱ्याउँछ ।

यो तालिम पाठ्यक्रम निर्माण गर्दा युनेस्कोको बृहत्तर यौनिकता शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्राविधिक निर्देशिकामा समाविष्ट छ ओटा अवधारणालाई समावेस गरी यूएनएफपिए र सिसो नेपालको समेतको सहकार्यमा तयार गरिएको छ । यस पाँच दिने अवधिको यो कष्टमाज्ड तालिम पाठ्यक्रममा बृहत्तर यौनिक शिक्षाको परिचय र सम्बन्ध, मूल्य अभिबृद्धि र धारणा र सिपहरु,संस्कृति,समाज, हिंसा र मानव अधिकार, किशोरावस्था, यौनिक व्यवहार र प्रजनन् स्वास्थ्य जस्ता विषयवस्तु समावेश गरिएको छ ।

## २. तालिमको सक्षमता

माध्यमिक तहको कक्षा ९ र १० मा स्वास्थ्य जनसंख्या तथा वातवरण विषय अध्यापनरत शिक्षकहरूको पेसागत क्षमता विकासमा सहयोग पुर्याउने उद्देश्यले यो पाठ्यक्रमको विकास गरिएको छ । यस तालिम पश्चात सहभागी शिक्षकहरुमा निम्न सक्षमताहरु विकास हुने अपेक्षा गरिएको छ :

- बृहत्तर यौनिकता शिक्षाको परिचय र सम्बन्धहरुको व्याख्या ।
- यौनिकता र प्रजनन स्वास्थ्यसम्बन्धीमूल्य, अभिबृत्ति, धारणा र सिपहरुको व्याख्या ।
- यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी मानव अधिकार, संस्कृति, समाज र हिंसाको विश्लेषण।
- यौन व्यवहार, यौन प्रतिहिंसा र मानव अधिकार मैत्रीको व्यवहार प्रदर्शन ।
- यौनिक व्यवहार तथा प्रजनन् स्वास्थ्य र हेरचाहका उपायहरुको लेखाजोखा ।
- किशोरकिशोरी मैत्री शिक्षण प्रदर्शन ।

## ३. तालिमका विषयवस्तु

यस तालिमका लागि तोकिएका मुख्य विषयवस्तुहरू देहायबमोजिम रहेका छन् :

| क्रस | विषयक्षेत्र | विषयबस्तुको विस्तृतीकरण | भार /सत्र |
|---|---|---|---|
| १ | यौनिकता शिक्षाको परिचय र सम्बन्धहरु | • बृहत्तर यौनिकता शिक्षाको परिचय<br>• परिवारका सदस्यहरूका भूमिका तथा जिम्मेवारीहरू<br>• मित्रता, माया-प्रेम र रोमाञ्चित सम्बन्धहरू | २ सेसन |
| २ | मूल्य, अभिबृद्धि, धारणा र सीपहरु | • यौनिकतासम्बन्धी भ्रम तथा गलत धारणाहरू<br>• यौनिकता र प्रजनन स्वास्थ्यसम्बन्धी व्यक्तिगत मूल्यहरू<br>• यौनिक व्यवहारमा सामाजिक मान्यता र दौतरीको प्रभाव<br>• किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाहरू | ३ सेसन |
| ३ | संस्कृति, समाज, हिंसा र मानव अधिकार | • यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी मानव अधिकारहरू<br>• यौनिकता र सञ्चार माध्यम<br>• लैङ्गिकताको सामाजिक बनावट<br>• लैङ्गिकतामा आधारित हिंसा, यौनिक हिंसा र हानीकारक व्यवहारहरू | ३ सेसन |
| ४ | किशोरावस्था | • किशोरावस्थाको परिचय र विशेषता<br>• प्रजनन् प्रणाली<br>• महिनावारी<br>• यौन तथा यौनिकता | ३ सेसन |
| ५ | यौनिक व्यवहार र प्रजनन् स्वास्थ्य | • यौनिक व्यवहार तथा यौनिक परिचय<br>• गर्भ निरोधका विधि (साधन)हरू<br>• यौन सङ्क्रमण<br>• एच.आइ.भी. र एड्स | २ सेसन |
| | विविध | • कार्यक्रम अभिमुखिकरण<br>• प्रिटेष्ट तथा पोष्ट टेष्ट<br>• कार्ययोजना | २ सेसन |
| | | जम्मा | १५ सेसन |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

पाँच दिन अवधिको यो तालिम आमने सामने पद्धतीबाट शैक्षिक तालिम केन्द्र वा तोकिएको तालिम प्रदायक निकाय मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तीन सत्रका दरले पाँच दिन अवधिमा १५ ओटा सेसनहरु सञ्चालन हुनेछन । प्रति सेसन एक घण्टा ३० मिनेटको हुनेछ ।

### ख. तालिमको लक्षित समूह

यस तालिमको लक्षित समूह माध्यमिक विद्यालयको कक्षा ९ र १० मा स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकहरु हुनेछन् ।

### ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- सामुदायिक विद्यालयका शिक्षकहरुका लागि सञ्चालन हुने तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।
- शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% सम्म विषयबस्तु शैक्षिक तालिम केन्द्रले स्थानिय सरोकारवालाहरुको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ ।
- शैक्षिक तालिम केन्द्रले स्थानीय आवश्यकता अनुसार ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

### घ. तालिम सहजीकरण

- शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ । प्रशिक्षक व्यवस्थापनका लागि स्थानीय आवश्यकता र परिवेश अनुसार संस्थागत विद्यालय संग सम्बन्धित संघसंस्थाहरुसँग सहकार्य गर्न सकिनेछ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ ।
- तालिमका लागि आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यबस्था गर्नुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
  - ✓ नमुना अभ्यास शिक्षण विधि
  - ✓ अन्तरक्रिया विधि
  - ✓ छलफल तथा समूह कार्य विधि
  - ✓ परियोजना कार्य विधि
  - ✓ अवलोकन विधि
  - ✓ मामला अध्ययन
  - ✓ समस्या समाधान र स्वअध्ययन विधि
  - ✓ खेल विधि

- ✓ समूह शिक्षण विधि
- ✓ प्रश्नोत्तर
- ✓ प्रदर्शन
- ✓ लघु प्रवचन
- ✓ घुम्ती छलफल
- ✓ मस्तिष्क मन्थन
- ✓ भूमिका अभिनय

**५. तालिम मूल्यांकन**

यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछन् ।

**६. कार्ययोजना र प्रतिबद्धता**

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सीपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्य योजना बनाइ प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधारहरु गर्ने प्रतिबद्धता शैक्षिक तालिम केन्द्र वा तालिम प्रदायक निकाय समक्ष गर्नु पर्नेछ ।

ग. शिक्षकहरुले जाहेर गरेको प्रतिबद्धता शैक्षिक तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

ΩΩΩ